# कम्प्यूटर एशोसिएसन अफ नेपाल (क्यान)

कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्य निर्देशिका-२०६५

## १. प्रस्तावना

कम्प्यूटर एशोसिएसन अफ नेपालको विधान २०४९ को उद्देश्य पूर्तिको प्रक्रियामा सहयोग पुऱ्याउन कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीहरु एक आपसमा मिलेर जिल्ला स्तरिय रुपमा कानुनबमोजिम दर्ता भई यस संस्थासँग आवद्ध हुन आउने संस्थालाई स्थानीय संघ सदस्यता प्रदान गरिनेछ । सूचना तथा सञ्चार प्रविधिलाई स्थानीय साधन तथा स्रोतको अधिकतम उपयोग गरी जिल्लातहमा कार्यरत ब्यक्ति, व्यवसायिक फर्महरु र संघ सस्थाहरुबीच आपसी, सदभाव, सहकार्य र समन्वयमा प्रभावकारिता प्रबर्द्धन गर्न तथा एशोसिएसनको सम्बन्ध र सहकार्यलाई जिल्ला तहमा समेत विस्तार गरी कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई प्रभावकारी बनाउनु आवश्यक भएकोले कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्य निर्देशिका-२०६५ तर्जुमा गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

## २. निर्देशिकाको नाम र प्रारम्भ :

क. यस निर्देशिकाको नाम कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्य निर्देशिका-२०६५ रहनेछ । यो निर्देशिका एशोसिएसनको कार्यसमितिबाट स्वीकृत भएपछि मिति २०६५ फागुन १ गतेदेखि कार्यान्वयन भएको मानिनेछ ।

ख. कम्प्यूटर एशोसिएसन अफ नेपालले यस निर्देशिकालाई आधार मानेर आवश्यकताअनुसार कार्यसमितिले निर्णय गरी मुलुकका सबै स्थानीय संघ सदस्यको गठन गर्ने व्यवस्था मिलाउँदै जानेछ ।

ग. कम्प्यूटर एशोसिएसन अफ नेपालले प्रयोग गर्ने लोगोको तल्लो भागमा सम्बन्धित जिल्लाको नाम लेखेको लोगो र छाप स्थानीय संघ सदस्यले प्रयोग गर्नेछन् ।

## ३. निर्देशिकाको लक्ष्य

कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा कार्यरत जिल्ला तहका संघ सस्था, ब्यक्ति, व्यवसायिक फर्महरु बीच समन्वय र सहकार्यलाई अभिवृद्धि गर्दै आपसी सद्भावको विकास गरी कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधिको कार्यलाई विकासप्रक्रियामा समाहित गर्न अभिप्रेरित गर्नु तथा सरोकारवालाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु यस निर्देशका तथा यसअनुरुप गठित स्थानीय संघ सदस्यको प्रमुख लक्ष्य हुनेछ ।

## ४. उद्देश्य

जिल्लामा सञ्चालन हुने विकासका कार्यमा कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि अवधारणालाई सुनिश्चित गर्न र ग्रामिण समुदायलाई यस सम्वन्धि जनचेतना जगाउनु स्थानीय संघ सदस्यको प्रमुख उद्देश्य हुनेछ । स्थानीय संघ सदस्यका अन्य उद्देश्य निम्नअनुसार हुनेछन् :

१. कम्प्यूटर एशोसिएसन अफ नेपालको सङ्गठनात्मक सुदृढीकरण तथा विस्तार प्रक्रियालाई जिल्ला तहमा सुनिश्चित गर्नु,

२. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा काम गर्ने जिल्ला तहका जिल्ला तहका संघ सस्था, ब्यक्ति, व्यवसायिक फर्महरुबीच समन्वय र सहकार्य अभिवृद्धि गर्नु,

३. कम्प्यूटर एशोसिएसन अफ नेपालका उद्देश्य, सिद्धान्त तथा मान्यताको प्रबर्द्धन गर्दै ग्रामीण समूदाय सम्म कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधिकाक क्षेत्रमा गरिने कार्यलाई प्रभावकारी बनाउन स्थानीय स्रोतको अधिकतम उपयोग गर्ने प्रक्रियामा समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गर्नु,

## ५. स्थानीय संघ सदस्यगठन र कार्यसञ्चालनविधि

१. दफा १० अन्तर्गत परेका निवेदनका आधारमा समितिले कसैलाई सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णयको सूचना सम्बन्धीत व्यक्ति वा संस्थालाई दिनेछ । सदस्यता प्रदान गरिने सूचना पाएको व्यक्ति वा संस्थाले सूचना पाएको ३० दिन भित्र निजले बुझाउनुपर्ने वार्षिक सदस्यता शुल्क एक मुष्ट बुझाउनुपर्नेछ

२. संस्थाले आफ्नो प्रत्येक सदस्यलाई तोकिएको ढाँचामा सदस्यता प्रमाणपत्र प्रदान गर्नेछ ।

३. सदस्यता प्रदान नगर्ने निर्णय भएको कुनै आवेदकलाई त्यसको कारण दिइरहन समिति वाध्य हुनेछैन ।

४. नेपालमा रहेका अञ्चलभित्रका स्थानिय संघ सदस्यहरुबाट अञ्चल समन्वय समिति हुनेछ । अञ्चल समन्वय समितिगठन गर्दा सम्बन्धित स्थानिय संघ सदस्यहरुका प्रतिनिधि भेलाले गर्ने व्यवस्था हुनेछ

## (६) स्थानीय संघ सदस्यता प्रदान गर्ने विधि :

१. यस कम्प्यूटर एसोशिएसन अफ नेपालको नाम र उद्देश्य प्रयोग हुने गरी कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीहरु एक आपसमा मिलेर जिल्ला स्तरिय रुपमा कानुनबमोजिम दर्ता भई यस संस्थासँग आवद्ध हुन आउने संस्थालाई स्थानीय संघ सदस्यता प्रदान गरिनेछ । तर एक जिल्लाबाट यस्तो संस्था एउटा मात्र आवद्ध हुन सक्नेछ ।

२. स्थानीय संघ सदस्यता प्राप्त गर्नको लागि निम्न योग्यता तथा प्रक्रिया रहनेछ ।
   क) स्थानीय संघ सदस्यताको लागि निवेदन दिने स्थानीय संस्थामा कम्प्यूटर व्यवसाय गरिरहेका वा तालिम लिएका व्यक्ति वा कम्पनी सदस्य रहेको हुनपर्दछ ।
   ख) स्थानीय संघको नाम तथा ठेगाना र उद्देश्य सहितको विवरण
   ग) तदर्थ वा कार्यकारीणि समिति तथा सदस्यहरुको नामावली (ईमेल, फोन, ठेगाना र संलग्न संस्थाको नामसहित)
   घ) प्रस्तावित वा स्वीकृत विधान (केन्द्रीय संघमा आवद्ध हुने प्रतिवद्धता उल्लेख भएको हुनुपर्ने छ ।)

ङ) प्रवेश शुल्क तथा वार्षिक सदस्यता शुल्क केन्द्रीय कार्यसमितिले निर्धारण गरेअनुसार हुनेछ ।
च) हालसम्म सञ्चालित वा निकट भविश्यमा सञ्चालन गर्न लक्षित कार्यक्रमको विवरण

३. निम्न कागजात सहित केन्द्रीय सचिवालयमा निवेदन बुझाउनुपर्नेछ ।
क) स्थानीय संघको नाम तथा ठेगाना
ख) स्थानीय संघ खोल्ने उद्देश्यसहितको विवरण
ग) तदर्थ वा कार्यकारिणी समिति तथा सदस्यहरुको नामावली, (इमेल, फोन, ठेगाना र संलग्न संस्थाको नाम सहित)
घ) प्रस्तावित वा स्वीकृत विधान (केन्द्रीय संघमा आवद्ध हुने प्रतिवद्धता उल्लेख भएको हुनुपर्नेछ।)
ङ) हालसम्म सञ्चालित वा निकट भविश्यमा सञ्चालन गर्न लक्षित कार्यक्रमको विवरण,
च) प्रवेश शुल्क तथा वार्षिक सदस्यता शुल्क कार्यसमितिले निर्धारण गरेअनुसार हुनेछ । जुन सदस्यता संख्याको आधारमा निर्धारण गरिनेछ ।

४. स्थानीय संस्थाको नाम तथा क्षेत्राधिकार तोक्ने सम्बन्धमा कुनै विवाद खडा भएमा केन्द्रिय कार्यकारीणि समितिको निर्णय अन्तिम हुनेछ ।

५. केन्द्रिय निर्वाचनमा स्थानीय संघ सदस्यको १ मताधिकार रहनेछ ।

६. स्थानीय संघ सदस्यले आफ्ना समुहको प्रतिनिधी छनोटका लागि मात्र मताधिकार प्रयोग गर्न पाउनेछन् ।

७. स्थानीय संघ सदस्यले कार्यसमिति निर्वाचन प्रयोजनको लागि समुह परिवर्तन गर्न पाउने छैनन् ।

## ७. स्थानीय संघ सदस्यमाआबद्धता

कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा काम गर्ने जिल्ला तहका जिल्ला तहका संघ सस्था, ब्यक्ति, व्यवसायिक फर्महरुले सम्बन्धित जिल्लाको स्थानीय संघ सदस्यले जाहेर गरेको विधानका प्रावधानलाई  पूरा गरी कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्यमा आबद्ध हुन सक्नेछन् :

२. स्थानीय संघ सदस्यले सदस्ता शुल्क केन्द्रिय विधानले तोके भन्दा बढी लिन पाउने छैनन् ।

३. स्थानीय संघ सदस्यताको आबद्धता स्थानीय स्तरमा र कम्प्यूटर एशोसिएसन अफ नेपालको केन्द्रिय कार्यालयमा  प्रत्येक वर्षको भाद्र मसान्तभित्र नवीकरण गर्नु पर्नेछ ।

## ८. जिल्ला समन्वय समितिको काम कर्तव्य तथा अधिकार

स्थानीय संघ सदस्य कम्प्यूटर एशोसिएसन अफ नेपालसँग प्रत्यक्ष रूपमा सम्बन्ध रहने स्थानीय एशोसिएसन भए पनि यसको गठनप्रक्रिया र कार्यविधि स्वतन्त्र रहनेछ । स्थानीय संघ सदस्य र कम्प्यूटर एशोसिएसन अफ नेपालबीच सम्बन्ध रहे पनि स्थानीय संघ सदस्यले स्वतन्त्र रूपमा आफ्ना काम गर्न पाउनेछन् । यसरी काम गर्दा कम्प्यूटर एशोसिएसन अफ नेपालको विधान र नियमावलीहरूअनुरुप गरिएको हदसम्म स्वीकार्य हुनेछ । तर स्थानीय संघ सदस्यले गरेका सम्पूर्ण कामप्रति कम्प्यूटर एशोसिएसन अफ नेपाल जवाफदेही रहन बाध्य हुने छैन । यद्यपि कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्यको मूलभूत काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछन् :

१. कम्प्यूटर एशोसिएसन अफ नेपालका गतिविधिलाई जिल्ला तहसम्म विस्तार गर्ने भूमिका निर्वाह गर्नु ।

२. स्थानीय तहमा समाधान हुन नसकेका समस्यालाई कम्प्यूटर एशोसिएसन अफ नेपालमा पठाएर एशोसिएसनद्वारा गरिने बहसपैरवीको प्रक्रियामा सहयोग पुऱ्याउनु ।

३. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा गरिने कामलाई विशेषगरी जनचेतना, स्थानीय श्रोत परिचालन तथा विकासमा समायोजन गर्न समन्वयात्मक, प्रभावकारी र व्यवहारिक बनाउने उपायहरूको खोजी गर्नु ।

४. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा स्थानीय ज्ञान, प्रविधि र विधिको विकासक र विस्तार गर्न आवश्यक पहल र सहयोग गर्नु ।

५. राष्ट्रिय तथा जिल्ला स्तरका निकायहरूबीच समन्वय, सहयोग र सहकार्यको प्रबर्द्धन गर्नु ।

६. स्थानीय संघ सदस्यले यस निर्देशिकाको अधिनमा रहेर आफ्नो कार्यविधि आफैँ तयार गर्न सक्नेछ । समन्वय समितिले तयार गरेको कार्यविधिको जानकारी कम्प्यूटर एशोसिएसन अफ नेपाललाई आर्थिक वर्षको अगावै उपलब्ध गराउनु पर्नेछ ।

७. स्थानीय संघ सदस्यले आफ्नो वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र कम्प्यूटर एशोसिएसन अफ नेपाललाई पठाउनु पर्नेछ ।

८. प्रत्येक स्थानीय संघ सदस्यले राष्ट्रिय स्तरमा गरिने काम कारवाहिहरु कम्प्यूटर एशोसिएसन अफ नेपाल मार्फत मात्र गराउनु पर्नेछ ।

## ९ कम्प्यूटर एशोसिएसन अफ नेपालको भूमिका

स्थानीय संघ सदस्यको विकास, विस्तार र क्षमता अभिवृद्धिको लागि कम्प्यूटर एशोसिएसन अफ नेपालले निम्नअनुसार समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछ :

१. कम्प्यूटर एशोसिएसन अफ नेपालबाट जिल्ला तहमा सञ्चालन गरिने कार्यक्रको आयोजना जिल्ला समन्वय समितिमार्फत् सञ्चालन गर्न प्राथमिकता दिनेछ ।

२. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग सम्बन्धित जिल्लाका समस्यालाई राष्ट्रिय तहमा उठाएर समस्या समाधानको प्रयासमा जिल्ला समन्वय समितिलाई सहयोग गर्ने प्रयास गर्नेछ ।

३. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रका सन्दर्भमा स्थानीय संघ सदस्यले कम्प्यूटर एशोसिएसन अफ नेपालसँग प्राविधिक सहयोग उपलब्ध गराउन आग्रह गरेमा एशोसिएसनसँग उपलब्ध साधन, स्रोतको अवस्था हेरी सम्भव भएसम्म सहयोग उपलब्ध गराउनेछ ।

४. कम्प्यूटर विज्ञान र सूचना तथा सञ्चार प्रविधि क्षेत्रका व्यवस्थापनको सन्दर्भमा स्थानीय स्रोत, साधन, सीप, ज्ञान तथा प्रविधिको विकास र विस्तारका लागि एशोसिएसनले स्थानीय संघ सदस्यलाई आवश्यक सहयोग उपलब्ध गराउन र समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

५. स्थानीय संघ सदस्यको क्षमता अभिवृद्धिका लागि एशोसिएसनले समय-समयमा विभिन्न प्रकारका तालिम तथा कार्यशालाको आयोजना गर्नेछ र समितिलाई समेत त्यस्तो कार्यक्रमको आयोजना गर्न प्राविधिक सहयोग गर्नेछ ।

६. कम्प्यूटर एशोसिएसन अफ नेपाल दाता संस्था नभएकोले स्थानीय संघ सदस्यका कार्यसञ्चालनको सन्दर्भमा हुने खर्चको आर्थिक भार एशोसिएसनले बहन गर्ने छैन, त्यस्तो खर्च जुटाउनको लागि समन्वयकारी सहयोग भने एशोसिएसनले उपलब्ध गराउन सक्नेछ ।

## १०. आर्थिक व्यवस्था :

१. कम्प्यूटर एशोसिएसन अफ नेपाल जिल्ला समन्वय समितिको आयस्रोत निम्नअनुसार हुनेछ :

क. सदस्यता शुल्क र प्रवेश शुल्क ।

ख. विभिन्न व्यक्ति, निकाय वा संस्थाबाट प्राप्त अनुदान तथा सहायता ।

ग. स्थानीय संघ सदस्यले विभिन्न क्रियाकलाप सञ्चालन गरी आर्जन गरेको रकम ।

२. स्थानीय संघ सदस्यले आर्थिक कारोबारको लागि कुनै पनि वाणीज्य ब्याङ्कमा खाता सञ्चालन गर्न सक्नेछ । त्यसरी खाता सञ्चालन गर्दा समितिको कोषाध्यक्षको अनिवार्य र संयोजक तथा सचिवमध्ये एक जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

३. स्थानीय संघ सदस्यले आफ्नो आर्थिक कारोबार प्रचलित नेपाल कानुन र कम्प्यूटर एशोसिएसन अफ नेपालको विधान-२०४९ र आर्थिक नियमावली-२०६५ अनुरुप गर्नु पर्नेछ ।

५. स्थानीय संघ सदस्यले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्रमा आफ्नो आर्थिक प्रतिवेदनसहितको वार्षिक प्रतिवेदन कम्प्यूटर एशोसिएसन अफ नेपालमा बुझाउनु पर्नेछ ।

६) स्थानीय संघ सदस्यले अञ्चल समन्वय समितिलाइ सदस्यता वापत प्राप्त रकमको १५% उपलव्ध गराउनु पर्नेछ ।

## ११. स्थानीय संघ सदस्यको खारेजी

कम्प्यूटर एशोसिएसन अफ नेपाल स्थानीय संघ सदस्यले एशोसिएसनको विधान, उद्देश्य र सिद्धान्तविपरित काम गरेको पाइएमा एशोसिएसनको कार्यसमितिले त्यस्तो स्थानीय संघ सदस्यलाई खारेज गर्न सक्नेछ । तर स्थानीय संघ सदस्य खारेज गर्नुपूर्व खुला र पारदर्शी छलफल तथा आवश्यक छानविन गर्नु एशोसिएसनको दायित्व हुनेछ ।

## १२. व्याख्या

यस निर्देशिकाको सम्बन्धमा अन्तिम व्याख्या गर्ने अधिकार कम्प्यूटर एशोसिएसन अफ नेपालको केन्द्रिय कार्यसमितिमा मात्र रहनेछ ।

१३.	निर्देशनको पालना

१. कम्प्यूटर एशोसिएसन अफ नेपालद्वारा समय-समयमा जारी निर्देशनको पालना गर्नु स्थानीय संघ सदस्यका कर्तव्य हुनेछ ।

२. यस निर्देशिकामा उल्लेख भएकोमा यसै अनुसार र उल्लेख नभएको विषयमा कम्प्यूटर एशोसिएसन अफ नेपालको निर्णयअनुसार हुनेछ ।

१४ अन्य

*१) कम्प्यूटर एशोसिएसन अफ नेपाल अञ्चल कमिटि*

अञ्चल समन्वय समितिको काम कर्तव्य र अधिकार यसै निर्देशिकामा भएअनुसार र सम्पूर्ण मातहतका  स्थानिय संघ सदस्यहरुको क्षमता अभिवृद्दि गर्ने हुनेछ । यस्ता समन्वय समितीको कार्यक्षेत्र आफ्नो अञ्चल भित्रमात्र हुनेछ । यस्ता समन्वय समितीले मात्र सिधै केन्द्रिय कार्यसमिति संग सहकार्य र समन्वयकारी भूमिका खेल्न सक्नेछ ।

*२) कम्प्यूटर एशोसिएसन अफ नेपालको केन्द्रिय मितिमा क्षेत्रिय प्रतिनिधिको चयन*

कम्प्यूटर एशोसिएसन अफ नेपालको विधानमा जनाएअनुसार केन्द्रिय समितिमा क्षेत्रिय प्रतिनिधि चयन गर्नुपर्नेछ । स्थानिय संघ सदस्य, अञ्चल समन्वय समिति का काम कारवाहि क्षेत्रिय प्रतिनिधि मार्फत केन्द्रिय समितिमा आउनुपर्नेछ ।